**नेपाल सरकार**

# श्रम तथा रोजगार मन्त्रालय

# विदेशमा काम गरी फर्केका उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि, २०७३

स्वीकृत मितिः २०७३।६।२१
प्रथम संशोधन मितिः २०७३।९।२४

## प्रस्तावना

बैदेशिक रोजगार नेपालीको लागि केहि हदसम्म जीविका र आयको स्रोत बनेको छ । यही कारण नेपाल सरकारले बैदेशिक रोजगार ऐन र नियमावलीको अधिनमा रही बैदेशिक रोजगारलाई नियमन, व्यवस्थापन तथा सहजीकरण गरिरहेको छ । विदेश जानु पूर्व सीप र जानकारी प्राप्त गर्नु र गराउनु पर्ने व्यवस्थाको अतिरिक्त विदेशमा रहँदा सिकेका ज्ञान, सीप र अनुभवलाई स्वदेशमा सदुपयोग गर्ने वातावरणको सिर्जना गराउनु पनि त्यतिकै आवश्यक छ । यसको लागि बैदेशिक रोजगारीबाट फर्केका नेपालीहरुले आर्जन गरेका ज्ञान, सीप, अनुभव र पूँजीलाई सदुपयोग गर्न राज्यले विशेष प्रोत्साहन गर्नु जरुरी देखिन्छ । राष्ट्रिय रोजगार नीति, २०७१ मा पनि उत्कृष्ट उद्यमीहरुलाई रोजगारी सिर्जनाको आधारमा राज्यबाट पुरस्कृत गर्ने व्यवस्था उल्लेख गरिएको छ ।

विदेशमा काम गरी फर्केका अधिकांश युवाहरुमा काम तथा जिम्मेवारी प्रतिको निष्ठा उच्च रहेको पाइन्छ । उनीहरुले कृषि तथा पशुपालन, मत्स्यपालन जस्ता विभिन्न उत्पादनमूलक उद्योग कल कारखाना तथा सेवा क्षेत्रमा कार्य गरी अनुभव हासिल गरि सकेका हुन्छन् । उनीहरु मध्ये ठूलो संख्यामा यस्ता कामदारहरुले स्वदेशमा नै आयमूलक, उत्पादनमूलक कार्य गरी रहेका पनि छन् । यसरी स्वदेश फर्की महत्वपूर्ण योगदान पुर्‍याउने व्यक्तिलाई राज्यको तर्फवाट सम्मानित एवं पुरस्कृत गर्न सके विदेश जाने वा विदेशमा नै अवैधानिक तवरले बस्ने प्रवृत्तिमा न्यूनीकरण हुनुका साथै फर्केका कामदारहरुलाई आयमूलक तथा रोजगारमूलक कार्यमा लाग्न थप प्रेरणा मिल्ने हुंदा विदेशबाट फर्केका कामदार उद्यमी राष्ट्रिय सम्मान पुरस्कार स्थापना गरी वस्तुनिष्ठ तवरले मूल्यांकन गरी सिफारिश गर्न आवश्यक भएकोले यो कार्यविधि जारी गरिएको छ ।

## १ संक्षिप्त नामः

(१) यो कार्यविधिको नाम "विदेशमा काम गरी फर्केका उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि, २०७३" रहने छ ।

(२) यो कार्यविधि नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालयले स्वीकृत गरी तोकेको मितिबाट लागू हुनेछ ।

## २. परिभाषाः

(१) “मन्त्रालय” भन्नाले नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालयलाई सम्झनु पर्छ ।

(२) “विदेशमा कामगरी फर्केका उद्यमी ” भन्नाले विदेशमा रोजगार गरी स्वदेश फर्केर आफनो स्वामित्वमा उद्योग वा व्यवसाय संचालन एवं व्यवस्थापन गर्ने उद्यमीलाई संझनु पर्छ ।

(३) "समिति" भन्नाले दफा ५ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

## ३. उद्देश्यहरुः

यस कार्यविधिका उद्देश्यहरु देहाय बमोजिम छन् :-

(क) वैदेशिक रोजगारवाट आर्जित पुंजी, सीप, अनुभवलाई स्वदेशमा उद्यमशीलता प्रबर्द्धनको क्षेत्रमा लगानी गरी योगदान दिने उद्यमीलाई प्रोत्साहित गर्ने,

(ख) सफल उद्यमीको प्रोत्साहन र प्रचार प्रसार गरी स्वदेशमा स्थापित हुन सकिन्छ भन्ने विश्वास अभिवृद्धि भै खुशीपूर्वक फिर्ता तथा गैर कानूनी बसाईलाई रोक्ने कार्यमा टेवा पुऱ्याउने ।

(ग) स्वदेश फर्केका कामदारहरुलाई स्वरोजगारमूलक, आयमूलक तथा उत्पादनमूलक उद्योग, सेवा तथा व्यवसायमा आकर्षित गर्ने ।

(ग) उद्यमीहरुको प्रतिस्पर्धी क्षमता विकास गर्न स्तरोन्नतिका लागि सघाउ पुऱ्याउन एवं उद्योग क्षेत्रमा व्यवस्थापकीय क्षमताको प्रयोग गर्ने ।

## ४. छनौटका आधारः

(१) उद्यमी पुरस्कारको लागि छनौट गर्दा १०० पूर्णाङ्कमा मूल्यांकन गरिनेछ ।
देहायका विषयहरुमा देहाय अनुसार मूल्यांकन गरिने छ । पूर्णाङ्क १००

| | | | |
|---|---|---|---|
| (क) | १. | रोजगारी सिर्जना र पूँजी लगानीको अनुपात | २० |
| | २. | स्थानीय साधन , स्रोत र प्रविधिको उपयोग | २० |
| | ३. | आयात प्रतिस्थापन/निर्यातमूलक उद्योग | १० |
| | ४. | अनुसन्धानमूलक वा आविष्कृत प्रविधिको प्रयोग (Innovative Technologies) | १० |
| (ख) | राज्यलाई गरेको योगदान<br>(कर, अन्तःशुल्क, महसूल, स्थानीय कर आदि) | | १० |
| (ग) | सामाजिक दायित्व बहन<br>(स्थानीय स्तरमा आर्थिक सहयोग, जस्तैः विद्यालय,कलेज,च्यारिटीमा योगदान) | | ५ |
| (घ) | वातावरण मैत्री प्रविधि प्रयोग तथा प्रदुषण व्यवस्थापन | | ५ |
| (ङ) | दुर्गम एंव विकट क्षेत्र वा गाउं घरमा उद्योग स्थापना व्यवसाय र संचालन | | १० |
| (च) | महिला,मधेशी,आदिवासी,जनजाति,दलित,उपेक्षित र सीमान्तकृत वर्गलाई रोजगारी प्रदान | | १० |

माथि उल्लेखित छनौटका आधारहरुलाई वर्गीकृत गरी तयार गरिएको मूल्यांकनका सूचकहरु अनुसूची -१ मा तोकिए बमोजिम हुनेछ ।

४.२ उत्कृष्ट उद्यमी छनौट गर्दा देहायका कुराहरुलाई पनि ध्यानमा राख्नु पर्नेछः

(क) देशका सबै विकास क्षेत्र वा प्रदेशवाट उपलब्ध भएसम्म न्यनतम (१) जना नछुट्ने गरी छनौट/सिफारिश गर्ने ।

(ख) हिमाल, पहाड र तराई/मधेशको क्षेत्रीय सन्तुलन कायम गर्ने ।

(ग) राष्ट्रिय प्राथमिकता प्राप्त उद्योग व्यवसाय वा सेवा क्षेत्रमा कार्य गरेको ।

४.३ श्रम तथा रोजगार मन्त्रालयमा रहने सिफारिश समितिले उपरोक्त बमोजिमको आधारमा एक जनालाई रु. एक लाख रकमको उत्कृष्ट उद्यमी राष्ट्रिय पुरस्कार र बढीमा सात जनासम्मलाई रु. पचास हजारको उद्यमी राष्ट्रिय पुरस्कारको लागि सिफारिश गर्नेछ ।

४.४ पुरस्कृत गर्दा दिइने नगद रकममा विनियोजित बजेटको परिधिभित्र रही सामान्य थपघट गर्न सक्ने अधिकार समितिलाई रहनेछ ।

४.५ उत्कृष्ट उद्यमी छनौट गर्न दफा ४.१ को आधारहरु स्पष्ट खुलाई कम्तिमा ३० दिनको म्याद दिई राष्ट्रिय दैनिक र मन्त्रालयको वेभ साइटमा सूचना सार्वजनिक गरिने छ र प्राप्त कागजात तथा आधारहरुको छानविन, विश्लेषण र मूल्यांकन गरी समितिले मन्त्रालयलाई सिफारिश गर्ने छ । यस्तो पुरस्कारको लागि अनुसूची -२ मा उल्लेख भए बमोजिमको आवेदन फाराम भरी श्रम तथा रोजगार मन्त्रालयमा दर्ता गराउनु पर्नेछ ।

४.६ एक पटक पुरस्कृत भईसकेको उद्यमीलाई कम्तीमा ५ बर्षसम्म सोही उद्योग, व्यवसाय उत्पादन र एउटै सेवा योगदानको लागि पुनः पुरस्कृत गरिने छैन ।

## ५. सिफारिश समितिः

(१) राष्ट्रिय सम्मान पुरस्कारका लागि छनौट गर्न देहाय वमोजिमको छ सदस्यीय सिफारिस समितिको व्यवस्था गरिएको छ ।

क) सहसचिव , रोजगार समन्वय तथा श्रम सम्बन्ध महाशाखा, श्रम तथा रोजगार मन्त्रालय संयोजक

ख) महानिर्देशक, श्रम विभाग — सदस्य

ग) प्रतिनिधि, (रा.प.द्वि. श्रेणी), घरेलु तथा साना उद्योग विभाग — सदस्य

घ) नेपाल उद्योग वाणिज्य महासंघले तोकेको प्रतिनिधि — सदस्य

ङ) उपसचिव (कानून), श्रम तथा रोजगार मन्त्रालय — सदस्य

छ) उपसचिव, रोजगार समन्वय तथा तालिम शाखा, श्रम तथा रोजगार मन्त्रालय सदस्यसचिव

(२) उपरोक्त समितिको सिफारिशका आधारमा मन्त्रालयले उत्कृष्ट/सम्मानित उद्यमीलाई नगद पुरस्कार तथा सम्मानपत्रद्वारा सम्मानित गर्नेछ ।

(३) सिफारिश समितिले दफा ४ मा उल्लिखित मूल्यांकनका शर्तहरुलाई आधार मानी छनौट गर्नेछ ।

(४) सिफारिस समितिको सचिवालयको रुपमा श्रम तथा रोजगार मन्त्रालय, रोजगार समन्वय तथा
तालिम शाखाले काम गर्नेछ ।

(५) सिफारिश समितिको सचिवालयमा आवश्यकतानुसार अधिकृत तथा अन्य कर्मचारीहरु रहनेछन् ।

## अनुसूची -१
## उद्यमी छनौट गर्ने मूल्यांकनका सूचक

(कार्यविधिको दफा ४ संग सम्बन्धित)

१. उद्यमी पुरस्कारको लागि १०० पूर्णाङ्कमा मूल्यांकन गरिनेछ । यसरी मूल्यांकन गर्दा देहायका विषयहरुमा देहाय अनुसार मूल्यांकन गरिने छ ।

(क) १. रोजगारी सिर्जना र पूँजी लगानीको अनुपात २०

*रोजगारी सृजना गरेको २५ जना भन्दा माथि १०*

*११-२४ जनासम्म ७.५*

*१-१० जनासम्म ५*

*पूंजी लगानीको अनुपात १ करोड माथि १०*

*५१ लाख- १ करोड ८*

*२६ लाख -५० लाख ६*

*११ लाख -२५ लाख ४*

*१ लाख १० लाख २*

२ स्थानीय साधन , स्रोत र प्रविधिको उपयोग २०

२.(क)स्थानीय साधन उपयोगको मात्रा १५

*७५% भन्दा बढीलाई १५*

*५०% - ७५% सम्मलाई १०*

*५० % भन्दा कमलाई ५*

२(ख) ऊर्जा खपत गरे वापत ५

१० के.भी भन्दा बढी खपत गरेकोमा ५

५-१० के.भी खपत गरेकोमा ३

५ के.भी भन्दा कम खपत गरेकोमा १

३. आयात प्रतिस्थापन/निर्यातमूलक उद्योग १०

आफ्नो उत्पादनको ७० % भन्दा माथि निर्यात गरेमा १०

५०-७०% ७

२०-५० % ५

२० % सम्म २

४. अनुसन्धानमूलक वा आविष्कृत प्रविधिको प्रयोग (Innovative Technologies) १०

नविनतम प्रविधिको प्रयोग ५० % भन्दा माथि १०

३०-५० % ७

३० % सम्म ५

(ख) राज्यलाई गरेको योगदान १०

(कर, अन्तःशुल्क, महसूल, स्थानीय कर आदि)

करचुक्ता प्रमाणपत्र समयभित्र लिएको भएमा वा कर तिर्नु नपर्ने सुविधा प्राप्त संस्था भएमा १०

माथिका चारमध्ये कुनै एक वा सो भन्दा बढी व्यवसाय संचालन गरे वापत लाग्ने कर समयमै दाखिला गरी प्रमाणपत्र लिएको भएमा १०

कर महसुल तिरेर पनि चुक्ता गरेको प्रमाणपत्र समयमै नलिएको भएमा ५

(कर नलाग्ने उद्योग व्यवसाय संचालन गर्ने संस्थाहरुलाई भने पूर्णाङ्क प्रदान गरिने छ ।)

(ग) सामाजिक दायित्व बहन ५

(स्थानीय स्तरमा आर्थिक सहयोग, जस्तैः विद्यालय,कलेज,च्यारिटीमा योगदान)

रु. ५०,०००।- भन्दा बढी योगदान गर्नेलाई ५

रु. ४०,०००।- ,, ,, ,, ,, ४

| | | |
|---|---|---|
| रु. ३०,०००।- ,, ,, ,, ,, | | ३ |
| रु. २०,०००।- ,, ,, ,, ,, | | २ |
| रु. १०,०००।- ,, ,, ,, ,, | | १ |

(घ) वातावरण मैत्री प्रविधि प्रयोग तथा प्रदुषण व्यवस्थापन ५
वातावरणमैत्री प्रविधि प्रयोग गरेको भएमा ५
वातावरणमैत्री प्रविधि प्रयोग नगरेको भएमा २

(ङ) दुर्गम एंव विकट क्षेत्र वा गाउं घरमा उद्योग स्थापना व्यवसाय र संचालन १०
दुर्गम एंव विकट क्षेत्र ग्रामिण क्षेत्र (सडकको पहुँच नभएको) १०
सुगम ग्रामिण क्षेत्र (कच्ची सडक भएको) ७
नगर तथा शहरी क्षेत्र (सडकको पहुँच भएको ) ४

(च) महिला,मधेशी,आदिवासी,जनजाति,दलित,उपेक्षित र सीमान्तकृत वर्गलाई रोजगारी प्रदान १०
महिला, मधेसी, आदिवासी, दलित, उपेक्षित, अपाङ्गता भएका र सिमान्तकृत वर्गलाई
४५% भन्दा बढी आरक्षण दिएकोमा १०
३०%-४५% सम्म आरक्षण दिएकोमा ७
१५-३०% सम्म आरक्षण दिएकोमा ५
१५% सम्म आरक्षण दिएकोमा २

अनुसूची-२
(कार्यविधिको दफा ४.५संग सम्बन्धित)
विदेशमा काम गरी फर्केका उत्कृष्ट उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कारको लागि
आवेदन फाराम

श्रीमान् सचिवज्यू ,
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

महोदय,
म.......................वर्ष बैदेशिक रोजगारमा कार्य गरी स्वदेश फर्केको व्यक्ति भएकोले मिति २०७. .।. ..।. ..मा प्रकाशित सूचना बमोजिम देहायमा उल्लिखित विवरण भरी यो निवेदन पेश गरको व्यहोरा अनुरोध गर्दछु ।

१. नाम थर :

२. वावुको / आमाको नाम :

३. बाजेको नामः

४. स्थायी ठेगानाः

५. हाल बसोवास र व्यवसाय गरेको ठेगाना :

(नागरिकताको छायाप्रति संलग्न गर्नु पर्नेछ)

६. बैदेशिक रोजगारीमा गएको देशको नाम र बसेको अवधि क्रमशः

क.

ख.

ग.

७. विदेशमा रहदा गरेको कामको प्रकृति /(विवरण) सिकेको सीप र ज्ञान

..........................................................................................

८. राहदानी नं.

Departure र Arrival मिति र visa समेत देखिने गरी (राहदानीको छायाप्रति संलग्न गर्नु पर्ने)

९. नेपालमा फर्की शुरु गरेको व्यवसाय:

.............................................................................................................

१०. व्यवसाय दर्ता गरेको भए दर्ता नं.:

११. VAT/PAN नं. :-

१२. उद्योग/व्यवसायमा लगानी गरेको पूँजी रकम:

१३. स्थानीय स्रोत साधन उपयोग गरेको भए के के उपयोग भएका छन् खुलाउने (स्रोतको परिमाण तथा प्रतिशत)

..........................................................................................................

१४. के कस्तो मेसिन, उपकरण र प्रविधि प्रयोग भएको छ खुलाउने

..................................................................................................................

१५ आयात प्रतिस्थापन गर्ने उद्योग भए के के प्रतिस्थापन हुने खुलाउने

..........................................................................................................

१६ निर्यातमूलक उद्योग भए के के र वार्षिक कति निर्यात हुन्छ खुलाउने

...........................................................................................................................

१७. अनुसन्धानमूलक वा आविष्कृत प्रविधिको प्रयोग भएको भए के कस्तो प्रविधिको प्रयोग भएको हो खुलाउने

.............................................................................................................

१८. राज्यलाई कर तिरी योगदान गरेको भए खुलाउने (कर, अन्तःशुल्क, महसूल, स्थानीय कर आदि) पछिल्लो २ आ.व.मा तिरेको कर रकम

| | आ.व.२०७ ।०७ | आ.व.२०७ ।०७ | कैफियत |
|---|---|---|---|
| ● मूल्य अभिबृद्धि कर वापत रु. | | | |
| ● आयकर वापत रु. | | | |
| ● अन्तशुल्क वापत रु. | | | |
| ● स्थानीयकर वापत रु. | | | |
| ● अन्य शुल्क/महसूल वापत रु. | | | |

(करचुक्ता प्रमाण पेश गर्ने).

१९. सामाजिक दायित्व बहन गरेको भए के कस्तो संस्थालाई कहिले, कसरी र कति योगदान गरेको हो नगद/वस्तुगत खुलाउने (स्थानीय स्तरमा आर्थिक सहयोग, जस्तैः विद्यालय,कलेज,च्यारिटीमा योगदान)

..........................................................................................................

(प्रमाण पेश गर्ने)

२०. वातावरण मैत्री प्रविधि प्रयोग तथा प्रदुषण व्यवस्थापन गरेको भए के कस्तो प्रविधि कसरी प्रयोग भएको छ खुलाउने

..........................................................................................................

२१ उद्योग/व्यवसाय संचालन भएको स्थानको पूर्वाधार अवस्था कस्तो रहेको छ ? चिनो (√) लगाउने

क) दुर्गम एंव विकट क्षेत्र ग्रामिण क्षेत्र (सडकको पहुँच नभएको)

ख) सुगम ग्रामिण क्षेत्र (कच्ची सडक भएको)

ग) नगर तथा शहरी क्षेत्र (सडकको पहुँच भएको )

२२. रोजगारीमा आरक्षण प्रदान गरिएको छ भने खुलाउने

रोजगारी दिएको जम्मा संख्या :

महिलालाई रोजगारी दिएको संख्याः-

आदिवासी/जनजातीलाई रोजगारी दिएको संख्या :-

दलितलाई रोजगारी दिएको संख्या :-

उपेक्षित र सिमान्तकृत वर्गलाई रोजगारी दिएको संख्याः-

अपाङ्गता भएका वर्गलाई रोजगारी दिएको संख्याः-

आफूले उल्लेख गरेका विषयको यथाशक्य प्रमाणित गर्ने कागजात संलग्न गर्नुपर्नेछ

| | |
|---|---|
| सम्पर्क फोन नं.<br>इमेलः<br>संस्थाको छाप | **निवेदक**<br>हस्ताक्षर........................<br>नाम थर........................<br>ठेगानाः ........................<br>मितिः- ........................ |